# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## प्रदेश किताबखाना
## कोशी प्रदेश, विराटनगर

## सम्पत्ति विवरण सम्बन्धि सूचना

प्रस्तुत विषयमा सम्पत्ति विवरण बुझाउने सम्बन्धी विद्यमान कानुनमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित पदाधिकारी/कर्मचारीको हुनेछ भन्ने व्यवस्था रहेको व्यहोरा स्मरणार्थ अनुरोध गर्दै "**आ.व. २०८२/८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी**" भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती) को मिति २०८३।०३।२४ को **अत्यन्त जरुरी सूचना** (पाना-१) यसैसाथ संलग्न राखी आवश्यक जानकारीका लागि पठाइएको छ । सम्पत्ति विवरण बुझ्ने/बुझाउने कार्य सोही सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध छ । साथै उक्त सूचना एवं सूचनाको बुँदा नं. २ मा उल्लेखित नेपाल राजपत्रमा व्यवस्था भए बमोजिम यस कार्यालयको दायित्वसँग सम्बन्धित विषयमा देहाय बमोजिम गर्नु गराउनु हुनसमेत सम्पत्ति विवरण बुझाउने सबै पदाधिकारी/कर्मचारीहरू तथा बुझ्ने निकायहरूलाई अनुरोध छ ।

<u>देहाय:</u>

१. राष्ट्रिय किताबखानाको सूचनाको बुँदा नं. ३ मा उल्लेखित साविकमा सरकारी सेवामा कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका सरकारी कर्मचारीहरुले साविक बमोजिम नै राष्ट्रिय किताबखाना (निजामती) मा सम्पत्ति विवरण बुझाउनु पर्नेछ भनिएकोमा प्रदेश तथा स्थानीय तहमा समायोजन भए पश्चात बढुवा, तहवृद्धि वा माथिल्लो पदमा नियुक्त भएतापनि राष्ट्रिय किताबखानाबाट जारी भएकै संकेत नं. प्रयोग गरिरहेका कर्मचारीहरूले समेत राष्ट्रिय किताबखाना (निजामती) मै सम्पत्ति विवरण बुझाउनु पर्नेछ । (क.सं.नं. जारी गर्ने निकायमा)

२. राष्ट्रिय किताबखानाको सूचनाको बुँदा नं. ४ मा उल्लेखित लोक सेवा आयोगबाट आ.व. २०७५/७६ मा भएको विज्ञापन वा सो भन्दा पछि भएको विज्ञापन अनुसार सिफारिस भई स्थानीय तहहरुमा नियुक्त भएका कर्मचारीहरुले स्थानीय तह मार्फत प्रदेश मुख्यमन्त्रीको कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ भनिएकोमा त्यस्ता कर्मचारीहरूले स्थानीय तह मार्फत नभै सिधै मुख्यमन्त्री कार्यालयमा भदौ २९ गते भित्र **PIS PORTAL** मा दर्ता हुने गरी पठाउनु पर्नेछ ।

३. प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति भएका र प्रदेश किताबखानाबाट संकेत नं प्राप्त गरेका कर्मचारीहरुले आफ्नो सम्पत्ति विवरण सिधै मुख्यमन्त्री कार्यालयमा भदौ २९ गते भित्र **PIS PORTAL** मा दर्ता हुने गरी पठाउनु पर्नेछ ।

४. दुई वा दुई भन्दा बढी संकेत नं प्राप्त गरेका कर्मचारीहरुले पछिल्लो संकेत नं प्राप्त गरेको निकायमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ । त्यसरी सम्पत्ति विवरण बुझाउँदा खाममा अघिल्ला संकेत नं समेत अनिवार्य उल्लेख गर्नु पर्नेछ।

५. प्रदेश तथा स्थानीय तहहरुमा स्थायी नियुक्त भएका तर संकेत नं प्राप्त नगरेका कर्मचारीहरुले आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

६. राष्ट्रिय किताबखानाको सूचनाको बुँदा नं. ५ मा उल्लेखित कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका अन्य सेवाका कर्मचारीहरुले (कर्मचारी संकेत नं. प्राप्त गरेका वा नगरेका) आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

७. जनप्रतिनिधि/पदाधिकारीहरू एवं अस्थायी/करारका कर्मचारी/शिक्षक/स्वास्थ्यकर्मीहरूले आफु कार्यरत कार्यालय/निकायमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गर्नु/गराउनु पर्नेछ ।

नोटः- सम्पत्ति विवरण बुझ्ने मन्त्रालय/निकाय/कार्यालय/स्थानीय तहले माथिको सि.नं. ५ देखि ७ सम्म उल्लेख भए अनुसारका पदाधिकारी/कर्मचारीहरूले बुझाएको सम्पत्ति विवरण बन्दी खाम आ.ब. शुरु भएको ६० दिन (भदौ २९) भित्र कार्यालयको दर्ता किताबमा दर्ता गरी राष्ट्रिय सतर्कता केन्द्रको पोर्टलमा इन्ट्री गरेपश्चात प्रमाणित इन्ट्री सिट एवं दर्ता विवरण सहित सम्पत्ति विवरण बन्दी खामहरू असोज २८ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशमा बुझाई सक्नुपर्नेछ ।

**"तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई रू. दश हजार जरिवाना हुने कानूनी व्यवस्था रहेकोछ"**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल